SIKKIM

GOVERNMENT GAZETTE

EXTRAORDINARY
PUBLISHED BY AUTHORITY

Gangtok **Monday 14th July 2025** **No. 290**

GOVERNMEN OF SIKKIM
RURAL DEVELOPMENT DEPARTMENT
TASHILING, GANGTOK-737101

No: 31/RDD/2024-25 **Date: 21.02.2024**

NOTIFICATION

Whereas, the draft of the Sikkim Mahatma Gandhi National Rural Employment Guarantee (Compensation for Delayed Payment of Wages) Rules, 2024 was published as required by sub-section (1) of section 32 of the Mahatma Gandhi National Rural Employment Guarantee Act, 2005 (Central Act 42 of 2005) in the Sikkim Government Gazette Extra Ordinary No. 507 dated 30.11.24 under the notification of Government in the Rural Development Department No. 31/RDD/2024-25 dated 21.2.24 inviting objections and suggestions from all persons likely to be affected thereby before the expiry of 45 (forty five) days on which the said Notification as published in the Sikkim Government Gazette were made available to the public;

And whereas, the copies of the said Notification were made available to the public on 30.11.2024;

And whereas, no objections and suggestions were received on the said draft rules from any persons likely to be affected thereby;

Now therefore, in exercise of the powers conferred by sub-section (1) of section 32 of the National Rural Employment Guarantee Act, 2005, the State Government hereby makes the following rules, namely :-

CHAPTER 1

PRELIMINARY

Short title, extent, application and commencement. -

1. (1) These rules may be called Sikkim Mahatma Gandhi National Rural Employment Guarantee (Compensation for Delayed Payment of Wage) Rules, 2025.

(2) They shall extend to all the rural areas of Sikkim.

(3) They shall come into force from the date of their publication in the Official Gazette,

Definitions

2. (1) In these rules, unless the context otherwise requires;

(a) ***"Act"*** means, Mahatma Gandhi National Rural Employment Guarantee Act, 2005;

(b) ***"Compensation for delayed payment of wage"*** means, the payment under Schedule II, Para 29 of MGNREG Act;

(c) ***"Department"*** means Rural Development Department, Government of Sikkim;

(d) ***"District Programme Coordinator"*** means, Additional District Collector (Development) of the district;

(e) ***"Fund"*** means, MGNREGA State Employment Guarantee Fund Sikkim formed under Section 21 of the Act;

(f) ***"GRS"*** means Gram Rojgar Sahayak;

(g) ***"MGNREGA Soft"*** means, Mahatma Gandhi National Rural Employment Guarantee Act Software controlled by the Ministry of Rural Development, Government of India;

(h) ***"MIS"*** means Management Information System

(i) ***"Programme Officer"*** means designated Programme Officer of the block,

(j) ***"Rules"*** means, Sikkim Mahatma Gandhi (NREGA) Compensation for Delayed Payment of Wage Rules, 2024;

(k) ***"Section"*** means, Section of Mahatma Gandhi National Rural Employment Guarantee Act, 2005 (As amended from time to time);

(l) ***"State Government"*** means, Government of Sikkim;

(2) The words, which have been used in the rules but not defined, the meaning shall remain same as per Mahatma Gandhi National Rural Employment Guarantee Act or directions given by the State Government and Central Government from time to time.

Eligibility.

3. Such workers, who have not been paid wages within 15 (fifteen) days from the date of closure of Muster Roll, shall be eligible to receive delay compensation for wage payment under the Act.

Calculation of Compensation.

4. (1) Workers who are entitled to receive payment within 15 (fifteen) days after closure of Muster Roll, shall be entitled to receive payment of compensation for the delay, at the rate of 0.05% per day of the unpaid wages per day. Any rules for compensation under these rules shall not deprive any workers from applying for compensation under Payment of Wages Act, 1956.

(2) The rules shall only apply for Stage I delay on the part of the State Government and any delay on the part of the Bank or at the Public Finance Management System (PFMS) shall not be considered.

Procedure of action taken on delay in payment of compensation amount.

5. From the date on which the compensation is to be paid, the delay in the payment of compensation beyond 15 (fifteen) days shall be paid in the same manner as done for delay in payment of wages.

Verification of Delay Compensation.

6. (1) Every Programme Officer may determine within 15 (fifteen) days from the date of due compensation that the compensation calculated automatically by MGNREGA soft is payable or not. The Programme Officer (PO) shall ensure the settlement of claims of compensation and such claims shall not be allowed to be accumulated without decisions. The District Programme Coordinator (DPC) shall monitor this regularly through Additional District Programme Coordinator (ADPC).

(2) For the above purpose, the compensation shall be paid by the Programme Officer except under the following circumstances,

(a) fund not available at the Payment Authority level;

(b) natural Disaster or Calamities;

(3) In all cases of rejection, the Programme Officer shall give detailed reasons for rejection in the MGNREGA Soft.

Head for payment of compensation amount and recovery of amount paid.

7. The payment of compensation for delayed wages shall be paid from the account opened for the purpose after proper examination and after the amount is recovered from responsible officials or personnel.

Accountability Fixation for the delay in payments.

8. To determine the liability for the delay in payment of wages, various process, their timelines and identification of responsible officer or personnel shall be followed according to the table given in the Appendix 'A'. If the wage seeker does not claim the delay in compensation, the same should be paid to him on the basis of MIS entry of MGNREGA Soft.

Automatic Calculation of the amount of Delay Compensation in National Rural Employment Guarantee Act 2005 Soft.

9. The MGNREGA Soft has a provision to automatically calculate the compensation payable to the Mahatma Gandhi National Rural Employment Guarantee Act workers based on the date of closure of Muster Roll and date of generation of pay order for paying wages. In every case the payable compensation shows on www.nregasoft.nic.in portal which is automatically updated on daily basis;

(a) on the basis of this, the delay wage payment shall be actively processed by the Block.

(b) to calculate the delay compensation to Mahatma Gandhi National Rural Employment Guarantee Act wage seekers, the following data on Mahatma Gandhi National Rural Employment Guarantee Act Soft shall be examined;

(i) date of payment of wages;

(ii) date of closure of Muster Roll;

(ii) the duration of delay;

(iv) total wage payable;

(v) rate of compensation (0.05%).

Claim for Delay Compensation through application by workers

10. (1) The application submitted by the Job Card Holder or worker for delay in wage payment addressed to the Gram Panchayat shall be provided to the Programme Officer by Gram Rozgar Sahayak within 3 (three) days. The workers may also submit this application in person to Programme Officer. The Additional Programme Coordinator shall present the detailed information including details of the determination of initial liability to the Programme Officer.

(2) The Additional Programme Coordinator shall conduct an initial inquiry and shall submit the report to the Programme Officer within a period of 3 (three) days of the notice/information on delayed payment

(3) The Programme Officer shall verify the facts of the report received from the Additional Programme Coordinator and may accept or reject application related to delay in wage payment within 1 (one) week's time. The Programme Officer shall submit the report to the District Programme Coordinator with his remark, in the case of bank being responsible for the delay.

(4) Apart from the above, if the wage seeker does not claim the delay compensation, the same should be paid to him on the basis of Management Information System entry of Mahatma Gandhi National Rural Employment Guarantee Act Soft.

(5) In other cases, except Bank and Post Office, the Programme Officer shall take decision to pass the order of acceptance/ rejection of payment of wages due to delay. A copy of that order shall be given to the applicant and it shall be displayed in the respective Gram Panchayat/Block Development Officer's Notice Board.

Payment of compensation amount, responsibility determination and recovery.

11. (1) As per the process mentioned in rule 9, payment of compensation shall be ensured by the Programme Officer for delay in wage payment within the time limit prescribed in Para 29 of Schedule 2 of the Act. In case of delay in payment of wages, the amount of compensation shall be recovered proportionately (which shall be based on the delay caused by that person) from those office personnel, who are responsible for delay in payment.

(2) It shall be the responsibility of District Programme Coordinator/ Programme Officer to inform all concerned about provisions related to Wage Payment and Delay Compensation.

Appeal.

12. There shall be provisions for the worker/personnel to appeal before District Programme Coordinator against the order issued by the Programme Officer in respect of compensation for delay in wage payment. This appeal may be made within 1 (one) week of the order passed by the Programme Officer. Such appeal shall be disposed of within a period of 15 (fifteen) days after conducting summary enquiry.

Appendix A

Suggestive Time Lines

(*See* rule 8)

Sl.	Procedure	Responsibility / Duty	Responsible Officer / Personnel	Time limit	
				Conditions of e-MR	NMMS
1	Last date of Muster roll as per e-Muster	Recommendation of Muster on the basis of Daily attendance and measurements.	Gram Rozgar Sewak	T	T
2	Data entry of attendance into MIS	Providing documents related to Muster Rolls and Measurements.	Gram Rozgar Sewak/Additional Programme Coordinator	T+2	T+I
3	Measurement of the work and recording it in MB/ e-MB and entering the same in NREGA Soft	Entry of Muster Roll/ measurement into MIS	Junior Engineer/ Technical Assistant of MGNREGA	T+5	T+3
4	Generation of wage list	Send list of wage for payment of first Signatory	Additional Programme Coordinator	T+6	T+4
5	Generation of FTOs (1st Signatory)	Issuing FTO of list of received wage and send to second signatory	Accountant	T+7	T+5
6	Sanction of FTO for payment (2nd Signatory)	Forwarding for payment, while validating the FTO issued by the first signatory.	Programme Officer/ Block Development Officer	T+8	T+6

(NMMS=National Mobile Monitoring System)

सिक्किम

सरकारी राजपत्र

असाधारण
प्राधिकरणद्वारा प्रकाशित

गान्तोक | **सोमबार, १४ जुलाई, २०२५** | **सं.२९०**

ग्रामीण विकास विभाग
सिक्किम सरकार
टासिलिङ, गान्तोक -७३७१०१

संख्या: ३१/ग्रा.वि.वि/२०२४-२५ **मिति: २१.०२.२०२४**

अधिसूचना

जबकि, महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन, २००५ (केन्द्रीय ऐन २००५ को ४२) को धारा ३२ को उपधारा (१) बमोजिम आवश्यकता अनुसार "सिक्किम महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति (पारिश्रमिक भुक्तानीमा ढिलाइ भएबापत क्षतिपूर्ति) नियमावली, २०२४" को मस्यौदा सिक्किम सरकारी राजपत्र (असाधारण), संख्या ५०७, मिति ३०.११.२४ मा ग्रामीण विकास विभागको सूचना संख्या ३१/ग्रा.वि.वि/२०२४-२५ मिति २१.२.२४ अनुसार प्रकाशित गरिएको थियो, जसमा सो नियमावलीबाट प्रभावित हुनसक्ने सबै व्यक्तिहरूबाट ४५ (पैंतालीस) दिनभित्र आपत्ति तथा सुझावहरू माग गरिएको थियो, जुन समयावधिभित्र सो सूचना सार्वजनिक रूपमा सिक्किमको सरकारी राजपत्रमा उपलब्ध गराइएको थियो;

अनि जबकि, उक्त सूचनाका प्रतिहरू सार्वजनिक रूपमा मिति ३०.११.२०२४ मा उपलब्ध गराइएका थिए;

अनि जबकि, सो मस्यौदा नियमावलीबाट प्रभावित हुनसक्ने कुनै पनि व्यक्तिबाट कुनै आपत्ति वा सुझाउहरू प्राप्त भएका थिएनन्;

अब त्यसैले, महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन, २००५ को धारा ३२ को उपधारा (१) बमोजिम प्रदान गरिएको अधिकारलाई प्रयोग गर्दै राज्य सरकारद्वारा निम्नलिखित नियमहरू तयार गर्दछ:-

अध्याय१
प्रारम्भिक

लघु शीर्षक, विस्तार, आवेदन र प्रारम्भ- (१) यी नियमहरूलाई "सिक्किम महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति (पारिश्रमिक भुक्तानीमा ढिलाइ भएबापत क्षतिपूर्ति) नियमावली, २०२५" भनिनेछ।

(२) यी नियमहरू सिक्किमका सबै ग्रामीण क्षेत्रमा लागू हुनेछन्।

(३) यी नियमहरू अधिकारिक राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछन्,

२. परिभाषा - (१) यी नियमहरूमा, सन्दर्भअन्यथा आवश्यक नभएसम्म;

(क) ***"ऐन"*** भनेको महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन, २००५ हो;

(ख) ***"पारिश्रमिक भुक्तानीमा ढिलाइ भएबापत क्षतिपूर्ति"*** भनेको महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐनको अनुच्छेद २९ को अनुसूची-२ अन्तर्गतको भुक्तानी हो;

(ग) ***"विभाग"*** भनेको सिक्किम सरकारको ग्रामीण विकास विभाग हो;

(घ) ***"जिल्ला कार्यक्रम संयोजक"*** भनेको सो जिल्लाका अतिरिक्त जिल्लापाल (विकास) हुन्;

(ङ) ***"कोष"*** भनेको ऐनको धारा २१ अन्तर्गत गठन गरिएको सिक्किम राज्य रोजगार प्रत्याभूति कोष हो;

(च) ***"जिआरएस"*** ले ग्राम रोजगार सहायकजनाउँछ;

(छ) ***"एमजिनरेगा सफ्ट"*** भन्नाले भारत सरकारको ग्रामीण विकास मन्त्रालयद्वारा सञ्चालन गरिएको महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐनसम्बन्धी सफ्टवेयरलाई जनाउँछ;

(ज) ***"एमआईएस"*** ले व्यवस्थापन सूचना प्रणाली बुझाउँछ;

(झ) ***"कार्यक्रम अधिकृत"*** भन्नाले सम्बन्धित ब्लकका निर्दिष्ट कार्यक्रम अधिकारी जनाउँछ;

(ञ) ***"नियम"*** भन्नाले सिक्किम महात्मा गान्धी (नरेगा) पारिश्रमिक भुक्तानीमा ढिलाइ भएबापत क्षतिपूर्ति सम्बन्धी नियमावली, २०२४ लाई जनाउँछ;

(ट) ***"धारा"*** भन्नाले महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन, २००५ (समय-समयमा संशोधन गरिएअनुसार) को धारालाई जनाउँछ;

(ठ) ***"राज्य सरकार"*** भन्नाले सिक्किम सरकारलाई जनाउँछ;

(२) यस नियमावलीमा प्रयोग गरिएका तर परिभाषित नगरिएका शब्दहरूको अर्थ महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन वा समय-समयमा राज्य सरकार तथा केन्द्रीय सरकारले दिएको निर्देशनअनुसारको रहनेछ।

३. **योग्यता-** यस ऐन अन्तर्गत, मस्टर रोल बन्द भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र पारिश्रमिक भुक्तानी नगरिएका श्रमिकहरू ढिलाइ भएको पारिश्रमिकभुक्तानीबापत क्षतिपूर्ति प्राप्त गर्न योग्य हुनेछन्।

४. **क्षतिपूर्तिको गणना-** (१) ती श्रमिकहरू जो मस्टर रोल बन्द भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र पारिश्रमिक प्राप्त गर्न योग्य छन्, उनीहरूभुक्तानी नभएको प्रतिदिन पारिश्रमिकरकमको ०.०५ प्रतिशतको दरले प्रतिदिन ढिलाइ क्षतिपूर्ति प्राप्त गर्नपाउने योग्य हुनेछन्।यी नियमहरू अन्तर्गत क्षतिपूर्तिका लागि बनाइएका कुनै पनि नियमहरूले कुनै पनि श्रमिकलाई पारिश्रमिकभुक्तानी ऐन, १९५६ अन्तर्गत क्षतिपूर्ति माग्ने अधिकारबाट वञ्चित गर्ने छैनन्।

(२) यी नियमहरू केवल राज्य सरकारको पक्षबाट हुने पहिलो चरणको ढिलाइका लागि मात्र लागू हुनेछन् र ब्याङ्क वा सार्वजनिक वित्त प्रबन्धन प्रणाली (सा.वि.प्र.प्र) को पक्षबाट हुने कुनै पनि ढिलाइमाथि विचार गरिने छैन।

५. **क्षतिपूर्ति रकम भुक्तानीमा ढिलाइ भएमा गरिएको कारवाहीको प्रक्रिया-** क्षतिपूर्ति भुक्तानी गर्नुपर्ने मितिदेखि १५ (पन्ध्र) दिनभन्दा अधिक ढिलाइ भएमा, त्यो ढिलाइ पारिश्रमिकभुक्तानीमा ढिलाइ हुँदा जस्तै तरिकाले भुक्तानी गरिनेछ।

६. **ढिलाइ क्षतिपूर्तिको प्रमाणीकरण-** (१) प्रत्येक कार्यक्रम अधिकारीले नियत क्षतिपूर्ति पारिश्रमिकमितिदेखि १५ (पन्ध्र) दिनभित्र एमजिएनआरईजिए सफ्टवेरले स्वचालितरूपमा गणना गरेको क्षतिपूर्ति भुक्तानी योग्य छ वा छैन भन्ने निर्धारण गर्न सक्नेछ। कार्यक्रम अधिकारी (पिओ) ले क्षतिपूर्ति दाबीहरूको निपटान सुनिश्चित गर्नुपर्नेछ र ती दाबीहरू निर्णय बिना सञ्चित हुन दिइने छैनन्। जिल्ला कार्यक्रम संयोजक (डिपिसि) ले यसलाई नियमितरूपमा अतिरिक्त जिल्ला कार्यक्रम संयोजक (एडिपिसि) मार्फत अनुगमन गर्नेछन्।

(२) माथि उल्लिखित उद्देश्यका लागि, निम्न परिस्थितिहरू बाहेक कार्यक्रम अधिकारीले क्षतिपूर्ति भुक्तानी गर्नेछन्,

(क) भुक्तानी प्राधिकरण तहमा कोष उपलब्ध नहुनु;

(ख) प्राकृतिक प्रकोप वा विपत्तिहरू;

(३) अस्वीकृतिका सबै मामिलामा, कार्यक्रम अधिकृतले एमजिएनआरईजिए सफ्ट-मा अस्वीकृतिको विस्तृत कारणहरू उल्लेख गर्नुपर्नेछ।

७. **क्षतिपूर्ति रकम भुक्तानीको शीर्षक र भुक्तानी गरिएको रकमको असुली-** पारिश्रमिकभुक्तानीमा ढिलाइ भएको क्षतिपूर्ति उचित छानबिनपछि र जिम्मेवार अधिकारी वा कर्मचारीबाट रकम असुली भइसकेपछि मात्र यस उद्देश्यका लागि खोलेको खाताबाट भुक्तानी गरिनेछ।

८. **भुक्तानीमा ढिलाइको जिम्मेवारी निर्धारण-** पारिश्रमिकभुक्तानीमा ढिलाइको जिम्मेवारी निर्धारण गर्नका लागि विभिन्न प्रक्रिया, ती प्रक्रियाको समयसीमा र जिम्मेवार अधिकारी वा कर्मचारीको पहिचान अनुबंध 'ए' मा दिइएको तालिकाअनुसार अनुसरण गरिनेछ। यदि पारिश्रमिक खोज्नेले ढिलाइ क्षतिपूर्तिको दावी नगरेको खण्डमा, एमजिएनआरईजिए सफ्ट-को व्यवस्थापन सूचना प्रणाली (एमआईएस) मा प्रविष्टिको आधारमा सो क्षतिपूर्ति उनलाई भुक्तानी गरिनेछ।

९. **राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन २००५ सफ्ट-मा ढिलाइ क्षतिपूर्तिरकमको स्वचालित गणना:-** एमजिएनआरईजिए सफ्ट-मा मस्टर रोल बन्द हुने मिति र पारिश्रमिकभुक्तानीका लागि भुक्तानी निर्देश जारी हुने मितिको आधारमा महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन अन्तर्गत कामदारहरूले पाउनुपर्ने क्षतिपूर्तिको रकम स्वचालित रूपमा गणना गर्ने सुविधा छ। प्रत्येक अवस्थामा पाउनुपर्ने क्षतिपूर्ति रकमwww.nregasoft.nic.inपोर्टलमा देखाउँछ र यो दैनिकरूपमा स्वचालित रूपमा अद्यावधिक हुन्छ;

(क) यसको आधारमा, पारिश्रमिकभुक्तानीमा भएको ढिलाइ ब्लकद्वारा सक्रियरूपमा अधि बढ़ाइनेछ।

(ख) महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन अन्तर्गत ज्याला खोज्नेहरूलाई ढिलाइ क्षतिपूर्ति गणना गर्नका लागि, महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन सफ्ट-मा रहेका निम्न तथ्याङ्कहरूको परीक्षण गरिनेछ;

(१) पारिश्रमिक भुक्तानी मिति;

(२) मस्टर रोल बन्द गर्ने मिति;

(३) ढिलाइको अवधि;

(४) कुल भुक्तानी योग्य पारिश्रमिक;

(५) क्षतिपूर्ति दर (०.०५ प्रतिशत)।

१०. **पारिश्रमिक भुक्तानीमा ढिलाइ भएको क्षतिपूर्तिका लागि श्रमिकद्वारा आवेदनमार्फत दाबी** -(१) रोजगार कार्डधारी वा श्रमिकले पारिश्रमिकभुक्तानीमा ढिलाइ भएको सम्बन्धमा ग्राम पञ्चायतलाई सम्बोधन गरिदिएको आवेदन ग्राम रोजगार सहायक-ले ३ (तीन) दिनभित्र कार्यक्रम अधिकारीलाई उपलब्ध गराउनुपर्नेछ। श्रमिकले सो आवेदन स्वंय पनि कार्यक्रम अधिकारीलाई बुझाउन सक्नेछन्। अतिरिक्त कार्यक्रम संयोजकले प्रारम्भिक जिम्मेवारी निर्धारणसम्बन्धी विस्तृत जानकारीसहित कार्यक्रम अधिकारीलाई जानकारी गराउनेछन्।

(२) अतिरिक्त कार्यक्रम संयोजकले प्रारम्भिक छानबिन गर्नेछन् र पारिश्रमिकभुक्तानीमा ढिलाइ भएको सूचना/सूचनाको मितिदेखि३ (तीन) दिनभित्र आफ्नो प्रतिवेदन कार्यक्रम अधिकारीलाई पेश गर्नेछन्।

(३) कार्यक्रम अधिकारीले अतिरिक्त कार्यक्रम संयोजकबाट प्राप्त रिपोर्टका तथ्यहरू जाँच गर्नेछन् र पारिश्रमिकभुक्तानीमा ढिलाइ सम्बन्धी आवेदनलाई १ (एक) हप्ताभित्र स्वीकार वा अस्वीकार गर्न सक्नेछन्। ब्याङ्कले ढिलाइको जिम्मेवारी लिएको अवस्थामा, कार्यक्रम अधिकारीले आफ्नो टिप्पणीसहित रिपोर्ट जिल्ला कार्यक्रम संयोजकलाई पेश गर्नेछन्।

(४) माथि उल्लिखित अवस्थाहरू बाहेक, यदि पारिश्रमिकखोज्नेले ढिलाइ क्षतिपूर्तिको दाबी नगरेको खण्डमा, महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन सफ्ट-को व्यवस्थापन सूचना प्रणाली (एमआईएस) मा भएको प्रविष्टिको आधारमा सो क्षतिपूर्ति उनलाई भुक्तानी गरिनेछ।

(५) ब्याङ्क र डाकघर बाहेकका अन्य सबै अवस्थामा, पारिश्रमिकभुक्तानीमा ढिलाइका कारण भुक्तानी स्वीकृति वा अस्वीकृतिको आदेश जारी गर्ने निर्णय कार्यक्रम अधिकारीले गर्नेछन्। उक्त आदेशको प्रतिलिपि आवेदकलाई दिइनेछ र सो आदेश सम्बन्धित ग्राम पञ्चायत/ब्लक विकास अधिकारीको सूचना बोर्डमा सार्वजनिक रूपमा टाँसिनेछ।

११. **क्षतिपूर्ति रकम भुक्तानी, जिम्मेवारी निर्धारण र असुली** –(१) नियम ९ मा उल्लिखित प्रक्रियाअनुसार, पारिश्रमिकभुक्तानीमा ढिलाइ हुँदा क्षतिपूर्तिको भुक्तानी कार्यक्रम अधिकारीले ऐनको अनुसूची २ को अनुच्छेद २९ मा निर्धारण गरिएको समय सीमाभित्र सुनिश्चित गर्नुपर्नेछ। पारिश्रमिकभुक्तानीमा ढिलाइ भएमा, सो व्यक्तिबाट भएको ढिलाइको आधारमा अनुपातिकरूपमा क्षतिपूर्ति रकम ती कार्यालयका कर्मचारीहरूबाट असुली गरिनेछ, जो पारिश्रमिकभुक्तानीमा ढिलाइका लागि जिम्मेवार हुनेछन्।

(२) पारिश्रमिक भुक्तानी र ढिलाइ क्षतिपूर्तिसम्बन्धी व्यवस्था सम्बन्धमा सबै हितधारकहरूलाई जानकारी गराउने जिम्मेवारी जिल्ला कार्यक्रम संयोजक तथा कार्यक्रम अधिकारीको हुनेछ।

१२. **अपील-** पारिश्रमिकभुक्तानीमा ढिलाइ भएर क्षतिपूर्तिसम्बन्धी कार्यक्रम अधिकारीले जारी गरेको आदेशविरुद्ध श्रमिक/कर्मचारीले जिल्ला कार्यक्रम संयोजक समक्ष अपील गर्ने व्यवस्था हुनेछ। उक्त अपील कार्यक्रम अधिकारीले आदेश जारी गरेको मितिबाट १ (एक) हप्ताभित्र गर्न सकिनेछ। सो अपीललाई संक्षिप्त छानबिन गरी १५ (पन्ध्र) दिनभित्र निपटाउनु पर्नेछ।

परिशिष्ट 'क'

सुझावात्मक समयसीमा

(नियम ८ हेर्नुहोस्)

क्र.सं.	प्रक्रिया	जिम्मेवारी/कर्तव्य	जिम्मेवार अधिकारी/व्यक्ति	समय सीमा	
				ई-एमआर-को अवस्था	एनएमएमएसस
१	ई-मस्टर अनुसार मस्टर रोलको अन्तिम मिति	दैनिक उपस्थिति र मापनको आधारमा मस्टर रोलको सिफारिस।	ग्राम रोजगार सेवक	टि	टि
२	उपस्थितिको विवरण व्यवस्थापन सूचना प्रणाली (एमआईएस) मा प्रविष्टि गर्नु।	मस्टर रोल र मापनसम्बन्धी दस्तावेजहरू उपलब्ध गराउनु।	ग्राम रोजगार सेवक/अतिरिक्त कार्यक्रम संयोजक	टि+२	टि+१
३	कामको मापन गरी एमबी/ई-मस्टर रोलमा दर्ता गर्ने र सोही विवरणलाई एनआरईजिए सफ्ट-मा प्रविष्ट गर्ने।	मस्टर रोल/मापनको विवरण व्यवस्थापन सूचना प्रणाली (एमआईएस) मा प्रविष्टि गर्ने।	एमजिएनआरईजिएका कनिष्ठ अभियन्ता /प्राविधिक सहायक	टि+५	टि+३
४	ज्याला सूची तयार गर्नु।	पहिलो हस्ताक्षरकर्तालाई भुक्तानीका लागि पारिश्रमिक सूची पठाउनु।	अतिरिक्त कार्यक्रम संयोजक	टि+६	टि+४
५	एफटिओ (एफटिओ) तयार गर्नु (पहिलो हस्ताक्षरकर्ता)।	प्राप्त पारिश्रमिकसूचीको (एफटिओ) जारी गरी दोस्रो हस्ताक्षरकर्तालाई पठाउनु।	लेखापाल	टि+७	टि+५
६	भुक्तानीको लागि एफटिओ स्वीकृत गर्नु (दोस्रो हस्ताक्षरकर्ता)।	पहिलो हस्ताक्षरकर्ताद्वारा जारी गरिएको एफटिओ प्रमाणीकरण गर्दा भुक्तानीको लागि प्रेषित गर्नु।	कार्यक्रम अधिकारी / खण्ड विकास अधिकारी	टि+८	टि+६

(रा.च.नि.प्र-राष्ट्रिय चलभाष निगरानी प्रणाली)